
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रक्तिम पार्टी प्यालेसको नजिक)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० माघ ५ गते शुक्रबार ❑ 19 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## सरकारको नेतृत्व गर्नेले आफुखुशी योजनालाई राष्ट्रिय गौरव बनाउँदा अलपत्र

पोखरापत्र संवाददाता
पोखरा, ४ माघ

योजना आयोगका पूर्व उपाध्यक्ष तथा नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर दिपेन्द्रबहादुर क्षेत्रीले सरकारको नेतृत्व गर्ने नेताहरुले आफुखुशी योजनाहरुलाई राष्ट्रिय गौरवको सूचीमा राख्दा अलपत्र पर्ने गरेको बताएका छन् ।

पोखरामा चेम्बर अफ कमर्स र रोटरी क्लब अफ गण्डकीले आयोजना गरेको आर्थिक रुपान्तरण तथा समसामयिक व्यवसायीक अवस्था सम्बन्धित अन्तरक्रिया कार्यक्रममा क्षेत्रीले यस्तो अभिव्यक्ति दिएका हुन् । अन्तरक्रिया कार्यक्रममा सहभागीले सरकारले प्राथमिकतामा राखेको मध्यपहाडी लोकमार्ग अलपत्र पर्ने गरेको प्रसंगबारे गरेको प्रश्नमा जवाफिदै पूर्व गभर्नर तथा योजना आयोगका पूर्व उपाध्यक्ष क्षेत्रीले राजनीतिक खिचातानीकै कारण अलपत्रमा पर्ने गरेको बताए । 'राष्ट्रिय गौरवको योजना बनाउने



निर्णय संविधान जारी हुने र राजनीतिक खिचातानी हुने समयमा यसको परिकल्पना भयो, पूर्व योजना उपाध्यक्ष क्षेत्रीले भने, 'जुन बेला बन्द हड्ताल हुन्थ्यो त्यो समयमा अर्थतन्त्रमा गति लिन सक्दैन भनेपछि सबै राजनीतिक दलहरु चित्त बुझ्ने परियोजनालाई राष्ट्रिय गौरवको योजनाको नाम दिइयो ।'

पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईले राजनीतिक दलहरुले रोजेका परियोजनालाई राष्ट्रिय गौरवको योजनाको नाम दिने र प्राप्त बजेट तथा जनशक्ति दिँदा देशको अर्थतन्त्रले गति लिन सक्ने गरी योजना छनोट हुने गरेको उपाध्यक्ष क्षेत्रीले उल्लेख गरे । 'जुन बेला देशको अर्थतन्त्र चलायमान बनाउने गरी राष्ट्रिय गौरवको योजना छनोट हुन्थ्यो अहिले यसमा विकृति आएको छ, उनले भने, 'सरकारको नेतृत्वमा जाने राजनीतिक दलको खिचातानीकै कारण राष्ट्रिय गौरवका योजना छनोट गर्दा अलपत्रमा पर्ने गरेका छन् ।' उनले सरकारले उद्योगधन्दा स्थापना, कृषिमा लगान बढाउन नसक्दा युवाहरु विदेश जाने क्रम बढेको धारणा राखे । 'सरकारले बन्द भएका उद्योगहरु सञ्चालन गर्न सकेको छैन । कृषिमा बजेट सिमित छुट्याउँछ, क्षेत्रीले भने, 'उद्योगहरु सञ्चालन र स्थापनामा सरकारको ध्यान जान सकेन । कृषिमा लगानी बढेन, देशमा युवाहरु बेरोजगार भए त्यसैले रोजगारीका लागि दिनानुदिन विदेश भासिएका छन् ।' उनले अन्तरक्रियाकै सवालमा सरकारले व्यवसायीहरुको मर्मलाई बुझेर नीति निर्माण गर्नुपर्नेसमेत धारणा व्यक्त गरेका थिए। रोटरी क्लब अफ गण्डकीले आफ्नो मासिक बैठकको क्रममा हरेक महिना विभिन्न क्षेत्रको विज्ञ व्यक्तित्वसँग समय सान्दर्भिक विषयमा अन्तरक्रिया छलफल गर्दै आएको छ । अन्तरक्रिया कार्यक्रम चेम्बर अफ कमर्स गण्डकीका अध्यक्ष किसान सुनारको सभापतित्वमा सम्पन्न भएको थियो ।

## संविधानको रक्षाका लागि गठबन्धन

पोखरापत्र संवाददाता
दमौली, ४ माघ

आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि गण्डकी प्रदेशबाट उम्मेदवारले मतदाता भेटघाटलाई तीव्र बनाएका छन् ।

गण्डकी प्रदेशअन्तर्गतका प्रदेशसभा सदस्य तथा स्थानीय तहका प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष मतदाता रहने निर्वाचनका लागि उम्मेदवार हरुले मतदातासँग भेटघाट तीव्र बनाएका हुन् । हालसम्म नवलपुर, लमजुङ र गोरखामा मतदाता भेटघाट सकिएको छ भने बिहीबार तनहुँमा मतदातासँग भेटघाट एवं अन्तरक्रिया गरिएको छ । नेपाली काङ्ग्रेस तनहुँको कार्यालयमा आयोजित कार्यक्रममा




राष्ट्रियसभा सदस्य निर्वाचनका लागि उम्मेदवार किरणबाबु श्रेष्ठ, मनरुपा शर्मा र पदमबहादुर परियारले निर्वाचनमा जीत सुनिश्चित रहेको र घोषणामात्र हुन बाँकी रहेको बताउनुभयो । सो अवसरमा काङ्ग्रेसका केन्द्रीय सदस्य ध्रुव वाग्लेले संविधानको रक्षाका लागि गठबन्धन गरिएकाले गठबन्धनलाई बलियो बनाएर लैजानुपर्नेमा जोड दिनुभयो ।

काङ्ग्रेस गण्डकी प्रदेशका महामन्त्री विष्णुप्रसाद लामिछानेले संविधानको विरुद्धमा लागेको तत्वलाई निस्कृय बनाउन गठबन्धनलाई अझै बलियो र सुदृढ बनाउनुपर्नेमा जोड

बाँकी अन्तिम पृष्ठमा ▶▶

## प्रभावकारी भूमिका खोज्दै पोखरा महानगरका वडा सदस्य

पोखरापत्र संवाददाता
पोखरा, ४ माघ

पोखरा महानगरपालिका भित्रका वडा सदस्यहरू आफ्नो प्रभावकारी भूमिकाको माग गर्दै त्यसको खोजीमा जुटेका छन् ।

जनताबाट निर्वाचित भएर पनि कर्तव्य, अधिकारको प्रयोगसँगै प्रभावकारी भूमिका समेत पाउन नसकिएको भन्दै आफ्नो भूमिकालाई देखिने किसिमको बनाउन सदस्यहरूले पहल थालेका हुन् । जनताको मतबाट निर्वाचित भए पछि अधिकांश स्थानमा गणपुरक मात्रै बन्नुपरेको भन्दै महानगरभित्रका वडासदस्यहरूसंगठितबन्दैगएको महानगरपालिका वडा नं २६ का वडा सदस्य सुदीपराज ढुङ्गानाले बताउनुभयो । पहिलो चरणमा महानगरका केही वडा सदस्यहरू भेला भई आफ्ना अधिकार, कर्तव्य तथा भूमिकालगायतका विषयमा छलफल गरेको उहाँले बताउनुभयो । उहाँले दोस्रो चरणमा सबै वडा सदस्यलाई सहभागी गराएर बृहत छलफल गर्ने निर्णय गरिएको जानकारी दिनुभयो ।

संविधानले पनि वडाध्यक्षका लागि ५५ वटा जिम्मेवारी दिएको तर वडा सदस्यको काम, कर्तव्य र अधिकार भनेर दुई वटा वाक्य मात्र उल्लेख गरेको उहाँहरुको भनाइ छ । "वडा समितिको बैठकमा सहभागी हुने र तोकिए बमोजिम वा वडाध्यक्षले तोकेको काम गर्ने छन् भनेर वडा सदस्यको भूमिकालाई खुम्च्याइएको छ", ढुङ्गानाले भन्नुभयो । महानगरमा गरिएको करवृद्धि सम्बन्धमा पनि आफूहरूको फरक मत रहेको बताउँदै उहाँले कर बढाउने नभइ करको दायरा बढाउनुपर्नेमा जोड दिनुभयो । करमा सबैभन्दा बढी विभेद ग्रामीण क्षेत्रमा भएको बताउँदै उहाँले महानगरभित्रका विकट गाउँ बस्तीमा महानगरको न्यायोचित दृष्टि हुनुपर्नेमा जोड दिनुभयो ।

## युवा पलायन रोक्न आर्थिक वृद्धि र रोजगारी सिर्जना जरुरी : वरिष्ठ उपाध्यक्ष श्रेष्ठ

पोखरापत्र संवाददाता
पोखरा, ४ माघ

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले युवा पलायन रोक्नको लागि आर्थिक वृद्धिसँगैको रोजगारी सिर्जना हुनुपर्ने धारणा राखेका छन् ।

मासिक ५०/६० हजारदेखि ३ लाख रुपैयाँसम्म तलब खानेहरुले पनि देश छाडिरहेका छन्,अहिले मनोवृत्ति नै विदेश जानुपर्छ भन्ने देखिएको छ, चाहेर पनि उनीहरुलाई रोक्न सकिएको छैन,' बिहीबार पोखरा उद्योग वाणिज्य संघले आयोजना गरेको अन्तर्क्रियामा बोल्दै वरिष्ठ उपाध्यक्ष श्रेष्ठले भने,'दक्ष जनशक्ति पलायन रोक्ने हो भने उनीहरुको इच्छा र आकांक्षालाई संवोधन गरिनुपर्छ । विदेश जानेहरुलाई गाली गरेर,अर्ति-उपदेश दिएर यो समस्या समाधान हुँदैन ।' नेपालको निजी क्षेत्र दक्ष जनशक्ति पलायनप्रति गम्भीर रहेको बताउँदै उनले रोक्नको लागि सरकारसँग मिलेर काम गर्न तयार रहेको उद्घोष गरे । सरकारले अर्थतन्त्रका सूचकहरु सकारात्मक भएको बताइरहे पनि माग घट्दा



उत्पादन बढ्न नसकेको र सिंगो निजी क्षेत्र उदासिन बनेको पनि उनको भनाइ थियो । 'हिजो अर्थतन्त्रलाई सही दिशा दिने भन्दै गलत नीति लिइयो,अर्थतन्त्रलाई गिज्याउने काम भयो र आज संकुचनको अवस्था आयो,'उनले भने,'संकुचित अर्थतन्त्रलाई लयमा लैजान माग बढाउन सक्नुपर्छ, निजी क्षेत्रलाई विश्वासमा लिनुपर्छ ।' उनले पोखरा अन्तर ष्ट्रिय विमानस्थलको दीगो संचालनको भारतीय सीमा नाकामा रहेका धनगढीदेखि भद्रपुरसम्मका ८ वटा सहरहरुमा तत्काल उडान थाल्नुपर्ने बताए । 'सीमा नाकामा दैनिक उडान भयो भने भारतीय पर्यटक आकर्षित गर्न सकिन्छ,त्यसका लागि नेपाल हवाइ उड्डयन कार्यालयले एयरपोर्टको शुल्क घटाउनुपर्छ भने पोखरामा पर्यटन व्यवसायीहरुले निश्चित समयसम्म होटलमा भारी छुट दिनुपर्छ,' उनले थपे ।

पछिल्लो समय घट्दो वैदेशिक लगानीप्रति सरकार पनि गम्भीर देखिएको बताउँदै उनले उत्पादनको पकेट क्षेत्र विकास,वैदेशिक लगानी आकर्षित गर्न तथा रोजगारी सिर्जना गर्ने दिशामा सुधार होला भन्ने विश्वास व्यक्त गरे । कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष सुरकृष्ण वैद्यले कृषिको व्यावसायिकरण र उत्पादकत्व वृद्धिले मात्र युवा पलायन रोक्न सकिने धारणा राखे । नेपाल उद्योग वाणिज्य महासंघले साना तथा मझौला व्यवसायीहरुले भोग्नुपरेको समस्या समाधानको लागि योजनावद्ध रुपले काम अगाडि बढाएको पनि उनको भनाइ थियो । कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले बैंकको ब्याजदर घटे पनि लगानीको लागि वातावरण नबनेको,सुस्ताएको बजार चलायमान हुन नसकेको र साना तथा मझौला उद्योगहरु अहिले पनि समस्यामै रहेको बताए । उनले राजमार्गको स्तरोन्नतिमा भएको ढिलाइ र पोखराबाट अन्तर्राष्ट्रिय उडानको सुनिश्चितताको लागि दबाव दिन महासंघसँग आग्रह पनि गरे । 'पोखरा एयरपोर्ट राष्ट्रिय गौरवको आयोजना हो र यसको संचालन नहुनु भनेको राष्ट्रकै असफलता हो भन्ने कुरा राज्यले बुझ्नुपर्छ,'उनले भने । संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले पोखरा एयरपोर्टको दीगो संचालनको लागि आवश्यक परे दबाबमूलक कार्यक्रम गर्न तयार रहेको बताउँदै राज्यको ठूलो लगानी परेका परियोजनाहरु संचालनमा राज्य गम्भीर बन्नुपर्ने बताए । पोखरा उद्योग वाणिज्य संघका महासचिव बलराम आचार्यको संचालन रहेको कार्यक्रममा व्यवसायीहरु हीरा भट्टराई, बालकृष्ण कोइराला,बुद्धि पूर्जा,पृथ्वीराज शर्मा,कृष्ण कोइराला, भरत विक, सुदीप प्रधानाङ्ग,युवकबहादुर बस्नेतलगायतले विभिन्न जिज्ञासा राखेका थिए ।

## समाजमा अनुशासनको कमी: अध्यक्ष ओली

रासस
काठमाडौं, ४ माघ

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले समाजमा अनुशासनको कमी भइरहेको बताउनुभएको छ ।

नेपाल खेलकुद महासङ्घको दोस्रो बैठकलाई बिहीबार ललितपुर, च्यासलस्थित एमालेको केन्द्रीय कार्यालयमा सम्बोधन गर्दै उहाँले खेलाडी सबैभन्दा अनुशासनमा बस्ने भएकोले खेलजस्तो अनुशासन अरु क्षेत्र नभएको बताउनुभयो ।

"अहिले खेलाडी बाहेक अरुमा अनुशासन कम देखिन्छ । खेलमा जस्तो अरु क्षेत्रमा पनि अनुशासन चाहिन्छ । त्यो अनुशासनलाई हामीले समाजिक मान्यताको रुपमा अगाडि बढाएर लैजानुपर्दछ," उहाँले भन्नुभयो । उहाँले सबैले अनुशासित भएर जीवन बिताउनुपर्नेसमेत आग्रह गर्नुभयो । अध्यक्ष ओलीले देश अठ्यारो स्थितिमा रहेको भन्दै सबै क्षेत्रबाट देशलाई अप्ठ्यारो स्थितिबाट जोगाउनुपर्ने बताउनुभयो। देशलाई बर्बाद हुनबाट जोगाउनका लागि पार्टी जनताको बलमा आन्दोलनमा उत्रिनुपर्ने भनाइ उहाँले राख्नुभयो । "नेपाल देश छ र हामी छौं । नेपाल जोगाउन परिआउँदा हरेक मूल्यमा हामी अगाडि बढ्नुपर्दछ," उहाँले भन्नुभयो । कार्यक्रममा एमाले स्थायी कमिटी सदस्य भानुभक्त ढकालले सङ्गठन सुदृढीकरणका लागि खेलकुद महासङ्घ लाग्नुपर्ने बताउनुभयो । महासङ्घका अध्यक्ष परशुराम बस्नेतले खेलकुदसँगै युवालाई पार्टीमा आकर्षण गराउने बताउनुभयो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्फलेट, भिजिटिङ कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# टाइगर कप राष्ट्रिय भलिबलमा एपिएफ र न्यू डायमण्ड फाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, ४ माघ

सशस्त्र प्रहरीको एपिएफ र चन्द्रागिरि न्यू डायमण्ड पोखरामा जारी चौथो संस्करणको 'टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित महिला तथा पुरुष खुला भलिबल' प्रतियोगिताको महिलातर्फ फाइनलमा प्रवेश गरेका छन् ।

पोखरा रङ्गशालास्थित भलिबल कोर्टमा आज सम्पन्न सेमिफाइनलको खेलमा साविक विजेता एपिएफले अर्को विभागीय टोली नेपाली सेनाको त्रिभुवन आर्मी क्लबलाई ३-२ को सेटमा पराजित गरी उपाधि नजिक पुगेको हो । एपिएफले हालसम्म दुई पटक उपाधि हासिल गरिसकेको छ ।

एपिएफले पहिलो दुई सेट १९-२५ र २०-२५ ले नेपाल आर्मीलाई सुम्पिए पनि पछिल्ला तीन सेट लगातार आफ्नो पक्षमा पार्न सफल भयो । एपिएफले २५-१३, २५-१६ र १५- १३ ले नतिजा आफ्नो पक्षमा पार्दै फाइनलको यात्रा तय गर्न सफल भयो । यसैगरी दोस्रो सेमिफाइलनलमा विभागीय टोली नेपाल पुलिस क्लबलाई सोझो ३-० को सेटमा पराजित



गर्दै न्यू डायमण्डले फाइनलमा स्थान बनाउन सफल भयो । न्यू डायमण्डले २५-१९, २५-१८ र २५-१८ ले नतिजा आफ्नो पक्षमा पार्दै एपिएफसँगको उपाधि भिडन्त पक्का गरेको हो ।

यसैगरी पुरुषतर्फ साविक विजेता घरेलु टोली गण्डकी प्रदेश सेमिफाइनलमा प्रवेश गर्न सफल भयो । लिगको आफ्नो अन्तिम खेलमा गण्डकी प्रदेश विभागीय टोली त्रिभुवन आर्मी क्लबसँग ३-२ सेटले पराजित भए पनि सेमिफाइलन पुग्न सफल भयो । गत माघ १ गते खराब प्रकाशका कारण रोकिएको उद्घाटन खेल आज सञ्चालन भएको हो । खेलमा पहिलो सेट २५-२० ले आर्मीले जितेको थियो । दोस्रो र तेस्रो सेट गण्डकीले २०-२५ र १७-२५ ले आफ्नो पक्षमा पार्न सफल भयो । चौथो र पाँचौ सेट २५-२१ र १५-६ ले आर्मीले जितेपनि प्रतियोगिताबाट बाहिरियो ।

गण्डकीले सेमिफाइनलमा समूह बीको विजेता सशस्त्र प्रहरीको एपिएफ क्लबको सामना गर्नेछ । लिगमा हेल्प नेपाल स्पोर्टस क्लबलाई गण्डकीले ३-२ को सेटमा हराएको थियो । हेल्प नेपालले आर्मीलाई सोझो सेटमा हराएको थियो । समूह बीबाट एपिएफ विजेता र श्रीलङ्का आर्मी टिम उपविजेता हुँदै सेमिफाइनल प्रवेश गरिसकेको छ । शुक्रबार पुरुषतर्फ सेमिफाइलनका खेल हुनेछन् । पुरुषतर्फ हेल्प नेपाल र श्रीलङ्का आर्मी तथा दोस्रो खेल एपिएफ र गण्डकीकाबीच हुनेछ प्रतियोगिता संयोजक दीपक कार्कीले जानकारी दिनुभयो । महिलातर्फ तृतीय स्थानका लागि त्रिभुवन आर्मी क्लबले अर्को विभागीय टोली नेपाल पुलिसको सामना गर्नेछ ।

टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा यही माघ १ गतेदेखि सञ्चालन भएको प्रतियोगिताको फाइनल खेल माघ ६ गते हुनेछ । प्रतियोगितामा महिला तथा पुरुषतर्फ उपाधि विजेता टोलीले नगद रु पाँच लाख ५५ हजार पाँच सय ५५ र उपविजेता टिमले समान नगद रु दुई लाख ५५ हजार पाँच सय ५५ पुरस्कार प्राप्त गर्ने टाइगर ग्रुपका अध्यक्ष नारायण शर्माले जानकारी दिनुभयो । यसैगरी तृतीय हुने टोलीले रु एक लाख २५ हजार पाँच सय ५५ प्राप्त गर्नेछन् । उत्कृष्ट महिला तथा पुरुष खेलाडीहरुले जनही नगद रु २५ हजारका दरले पुरस्कार प्राप्त गर्नेछन् ।

# पोखरा महोत्सवमा शुक्रबार एलिना चौहान र मन्त्र ब्याण्डको प्रस्तुति रहने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ माघ

पोखराको अमरसिंह खेल मैदानमा जारी बाह्रौं संस्करणको पोखरा महोत्सवमा शुक्रबार एलिना चौहान र मन्त्र ब्याण्डको प्रस्तुती रहने भएको छ ।

महोत्सवको नवौं दिन दिउसोको स्टेज शो मा एलिना चौहान र सांझको लाइभ ब्याण्डमा दार्जलिङको चर्चित ब्याण्ड मन्त्र ब्याण्डको प्रस्तुती रहने महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए । महोत्सवमा शुक्रबार एलिना संगै जिवन दाहाल, शिवहरी ढुंगाना, निश्चल दवाडी, सबिना गुरुङ, शान्ता बर्देवा, माधव चाँपागाई, कमला गैरे, बिनिता क्षेत्री, सुरेश भुर्तेल लगायतको प्रस्तुती रहने छभने सांझको लाइभ ब्याण्ड तर्फ मन्त्र ब्याण्डको प्रस्तुती रहने छ ।



महोत्सवमा बिहीबार चर्चित लोकदोहोरी गायक बद्री पंगेनीको प्रस्तुतीमा दर्शकहरुले भरपुर मनोरन्जन लिए । बद्रीले धेरै धेरै बधाइ छ छाडिजानेलाई, पैसा सापटी, रातो गलबन्दी, झ्याउरेको तालैमा, चप्पलै छिनियो, ससुरालीमा, पञ्चेबाजा, कान्छि हे कान्छि लगायतको गित मार्फत दर्शकहरुलाई भरपुर मनोरन्जन दिलाएका थिए । बद्री संगै बिहीबार जीवन दाहाल, शिवहरी ढुंगाना, नेत्र खड्का, नवराज अधिकारी, टस गुरुङ, नेत्रपाणी बास्तोला, रमा राना, पुजा गुरुङ लगायतको प्रस्तुती रहेको थियो । त्यसैगरी सांझको लाइभ ब्याण्डमा सबिन राई एण्ड द फेरोहको लाइभ कन्सर्टमा युवाहरु झुमेका थिए ।

महोत्सवको आठौं दिनमा जारि रहदा दर्शकको भीड लागेको छभने महोत्सवमा राखिएका स्टलहरुमा ब्यापार समेत बढेको छ । महोत्सवमा जाडोयामका लत्ता कपडा, घरायसी सामाग्री किन्नेको भीड लागेको छ । त्यसैगरी महोत्सवमा भेषभूषामा तस्विर खिचाउने, हिमाली याकको अवलोकन गर्ने, नेपाल टेलिकमको निशुल्क सिम लिने, घोड सवार गर्नेको समेत भीड लागेको छ । महोत्सवमा अनलाइन मार्फत रेभल एपबाट घरमै बसेर समेत महोत्सवमा आउने दर्शकले टिकट काट्न सक्ने र हरेक दिन तीन जनालाई निशुल्क टिकटको समेत ब्यवस्था गरिएको छ ।

# संविधानको ...

दिनुभयो । नेकपा (माओवादी) केन्द्रका केन्द्रीय सदस्य एवं गण्डकी प्रदेशसभा दलका नेता हरिबहादुर चुमानले यसअघिको निर्वाचनमा मत बदर भएकाले यसपटकको निर्वाचनमा मत बदर हुन नदिन सचेतना जगाउनुपर्ने बताउनुभयो । कार्यक्रममा नेकपा (माओवादी) केन्द्रका केन्द्रीय सदस्य आशा कोइराला, पूर्व प्रदेशसभा सदस्य मेखलाल श्रेष्ठ, नेकपा (एकीकृत समाजवादी) केन्द्रीय सदस्य कलिला खान लगायतले देश विकास र समृद्धिका लागि अहिलेको गठबन्धन अपरिहार्य रहेको चर्चा गर्नुभयो । राष्ट्रियसभा सदस्यहरुले माघ ९ गतेसम्म प्रचारप्रसार र मतदाता भेटघाटलाई निरन्तरता दिने जनाइएको छ । मतभारका दृष्टिले निर्वाचनमा सत्तारुढ दलका उम्मेदवारलाई चुनावी परिणाम आफ्नो पक्षमा पार्न सहज हुने देखिएको छ । राष्ट्रियभा सदस्य निर्वाचनका लागि गण्डकी प्रदेशसभामा ६० र स्थानीय तहका एक सय ७० मतदाता रहेका छन् । निर्वाचनमा प्रदेशसभा सदस्यको ५३ र स्थानीय तहका प्रमुख तथा उपप्रमुखको १९ मतभार तोकिएको छ। प्रदेशसभातर्फ तीन हजार एक सय ८० र स्थानीय तहतर्फ तीन हजार दुई सय ३० गरी कूल छ हजार चार सय १० मतभार रहेको जनाइएको छ ।

# पोखरा म्याराथन तयारीबारे अन्तरक्रिया सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ४ माघ

१८ औं सफल पोखरा अन्तर र्राष्ट्रिय म्याराथन तयारी बारेमा बिहिबार अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । नेपाल भुतपुर्व खेलाडी मञ्चको आयोजनामा हुँदै आइरहेको अन्तर्राष्ट्रिय म्याराथनलाई व्यवस्थित र प्रविधिमैत्री बनाउने उदेश्यका साथ विभिन्न संघ संस्थाहरुसँग अन्तरक्रिया गरिएको हो ।

अन्तरक्रियामा सहभागि संस्थाका प्रतिनिधिहरुले सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथनलाई भव्य र सभ्य बनाउनका लागि आर्थिक, भौतिक र नैतिक रुपमा साथ र सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवन कुमार प्रजापतिले संघमा आबद्ध सदस्य उद्योगी तथा व्यापारि हरुको तर्फबाट गर्न सक्ने सहयोग गर्ने बताए । उनले म्याराथनका लागि आफुहरुसँग समन्वयमा रहन समेत आयोजकलाई अनुरोध गरे । नेपात्र पत्रकार महासंघ कास्कीका निवर्तमान अध्यक्ष दिपेन्द्र श्रेष्ठले विदेशी




धावकहरुको प्रोफाइल बनाउनका लागि आग्रह गरे । प्रतियोगिता अन्तर्राष्ट्रिय भइरहँदा त्यहाँ आउने धावकहरुले अन्य उपाधि जितेको भए त्यसको प्रोफाइल सार्वजानिक गर्दा थप रोचक हुने बताए । साथै विद्यार्थीहरुलाई दौडने तरिका प्रतियोगिता हुनु अगावै एक पटक विद्यालयहरुमा पुगि सिकाउन समेत सुझाव दिए । हिसान गण्डकीका अध्यक्ष रमाकान्त बरालले विद्यार्थीहरुको सहभागिताका लागि आवश्यक जानकारी नपाएको सुनाए । उनले विद्यार्थी सहभागितालाई सहज बनाउनका लागि विद्यालयहरुमा जानकारी गराउने वातावरण मिलाइदिन अनुरोध गरे । कार्यक्रममा संस्थाका विभिन्न प्रतिनिधित्व गरेका व्यक्तिहरुले आफ्नो सुझाव राखेका थिए ।

पोखरा उद्योग वाणिज्य संघको सभाहलमा आयोजना भएको अन्तरक्रियामा नीजि विद्यालयहरुका छाता संगठनहरु हिसान, प्याब्सन, एन- प्याब्सन, पोउवा संघ, गोर्खा समुदाय, वुमन्स क्लब अफ पोखरा, प्रदेश बाल परिषद् गण्डकी, हेराले, शान्तिका लागि दौड (पिस रन) का निर्देशक सलिल विलसन, एसिएन प्यासिडिन्स कोर्डिनेटर हारासिल्ता सुनाओसी, पत्रकार लगायतका संघ संस्थाको सहभागिता रहेको थियो ।

# सहारा फुटबल एकेडेमीलाई लुम्बिनी विकास बैंकको आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ४ माघ

लुम्बिनी विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत सहारा एकेडेमीलाई आर्थिक सहयोग गरेको छ ।

पोखराद्वारा पोखरा १७ दोबिल्लामा सञ्चालित सहारा फुटबल एकेडेमीलाई बिगत बर्षहरुमा गरिरहेको सहयोगलाई निरन्तरता यस वर्ष २ लाख ४४ हजार ८ सय रुपैया सहयोग हस्तान्तरण गरेको हो । बैंकका सञ्चालक समितिका सदस्य रामचन्द्रसिग्देलले साहारा क्लबका अध्यक्ष केशबराज बराललाई रकमको चेक हस्तान्तरण गरे ।

सिग्देलले सहारा एकेडेमीमा आश्रित बाल-बालिकाहरुलाई सहयोग गर्न पाउनु खुसीको कुरा रहेको बताए । उनले सहाराले निकै राम्रो र प्रशंसनीय कार्य गर्दै आएको भन्दै सिग्देल आगामी दिनमा पनि यसलाई निरन्तरता दिने बताए ।

लुम्बिनी विकास बैंकले प्रदान गरेको आर्थिक सहयोगका लागि आभार प्रकट गर्दै साहारा क्लबका अध्यक्ष बरालले सहयोग रकम एकेडेमीमा आश्रित बालकहरुको खाजा र खानाका



लागि खर्च गरिने बताए । कार्यक्रममा बैंकका पोखरास्थित शाखाहरुका प्रवन्धकहरु, क्लबका निवर्तमान अध्यक्ष हरिराम गुरुङ र पूर्व अध्यक्ष विक्रम थकाली लगायतले एकेडेमीका बारेमा जानकारी दिएका थिए ।

क्लबले सञ्चालन गरेको सूर्यबहादुर केसी मेमोरियल फुटबल एकेडेमीमा हाल ८ जिल्लाका १४ कठिन एवं विपन्न परिस्थितिका बालकहरु छन् । सहारा क्लब पोखराले उनीहरुको लालन पालन, शिक्षासँगै फुटबल प्रशिक्षण दिंदै आएको छ । क्लबले २०६१ सालदेखि एकेडेमी सञ्चालन गरिरहेको छ ।


देशका ७ वटै प्रदेशमा शाखा सञ्चालन गरि कारोबार गर्दै आइरहेको लुम्बिनी विकास बैंक लिमिटेडको बिभिन्न स्थानहरुमा गरी ८९ वटा शाखा कार्यालयहरु तथा एक विस्तारित शाखा (एक्सटेन्सन काउण्टर) रहेको छ । यस लुम्बिनी विकास बैंक लिमिटेडले 'निरन्तर सहयात्रा' भन्ने नाराका साथ उच्चस्तरीय, आधुनिक एवं नविनतम प्रविधिहरु सहितको सुरक्षित बैंकिङ्ग सेवा प्रदान गर्दै आईरहेको छ । ग्राहकहरुलाई अधिकतम प्रतिफल दिने उद्देश्यले बैंकले बचत निक्षेप खाताहरुमा उच्चतम ब्याज प्रदान गर्ने बिशेष योजना कार्यान्वयनमा ल्याएको छ ।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# भनाई र गराईमा फरक

तेश्रो पटक प्रधानमन्त्री भएका पुष्प कमल दाहालले संझन लायक काम गर्ने वाचा गरेका थिए । प्रधानमन्त्री भएको १३ महिना पुग्दैछ । यो अबधिमा युवा देखि पाका समेत देश छाड्ने क्रम बढ्दो छ।जनतामा निराशा पलाएका कारण सरकारको घोषणा कसैले पत्याउने अवस्था छैन।भाषण एकातिर व्यवहार अर्कोतिर छ। सेवा प्रवाह, सुशासन र विकासमा सम्झनलायक काम गर्ने उद्घोष गरेका प्रधानमन्त्री प्रचण्ड मातहतकै निकायलाई लामो समयसम्म नेतृत्वविहीन राखेका छन् । बारम्बार सुशासन कायम गर्छु भनेका प्रधानमन्त्रीले संवैधानिक निकाय रिक्त हुँदासमेत अनदेखा गरिरहेका छन् ।

पञ्चायतकालमा एकपटक मात्रै ढिला गरी त्रिभुवन विश्वविद्यालयको उपकुलपति नियुक्त भएको थियो । त्यो पनि जम्माजम्मी २१ दिन मात्रै ढिला भएको थियो । तर, त्रिविलाई समयमा पदाधिकारी दिन प्रचण्ड अक्षम भएका छन् । उपकुलपति धर्मकान्त बास्कोटाको कार्यकाल सकिएको ४ महिनासम्म कुलपतिसमेत रहेका प्रचण्डको सुस्त सक्रियता छ । सरकारले एक साताअघि खुला प्रतिस्पर्धामार्फत उपकुलपतिका लागि दरखास्त मागेको छ । तर, त्रिविले कहिले उपकुलपति पाउने हो त्यसको ठेगान छैन । त्रिविमा उपकुलपति मात्र होइन, रजिष्ट्रार र त्रिवि सेवा आयोगका सदस्य पनि रिक्त छन् । सेवा आयोगका सदस्य नहुँदा दुई वर्षदेखि कर्मचारी र शिक्षकको बढुवा तथा खुला प्रतिस्पर्धाको परीक्षा भएको छैन ।

विश्विद्यालय मात्र कहाँ हो र ? प्रधानमन्त्री मातहतको नीति अनुसन्धान प्रतिष्ठाको कार्यकारी अध्यक्ष पनि नियुक्त गर्न सकेका छैनन्, प्रचण्डले । सरकारी नीतिहरूको अध्ययन अनुसन्धान गर्ने सरकारी महत्वपूर्ण थिङ्ट्याङ्क प्रतिष्ठानले नेतृत्व नपाएको नै ११ महिना भइसक्यो । प्रतिष्ठानका तत्कालीन अध्यक्ष विष्णुराज उप्रेतीको कार्यकाल सकिएको ११ महिनायता प्रतिष्ठान नेतृत्वविहीन छ । त्यसो त सरकारकी खर्चको परीक्षण गर्ने महालेखापरीक्षकको कार्यालय पनि ८ महिनादेखि नेतृत्वविहीन छ । ७ जेठ २०८० मा महालेखापरीक्षक टंकमणि शर्माको पदावधि सकिएको थियो । त्यसयता महालेखाले नेतृत्व पाएको छैन । नेपालको संविधानको धारा २८४ (३) मा संवैधानिक परिषद्ले प्रधानन्यायाधीश वा संवैधानिक निकायका प्रमुख वा पदाधिकारीको पद रिक्त हुनुभन्दा एक महिनाअगावै नियुक्तिका लागि सिफारिस गर्नुपर्ने किटानी व्यवस्था गरेको छ । तर, संवैधानिक परिषद्को समेत नेतृत्व गर्ने प्रधानमन्त्रीले यो संवैधानिक व्यवस्थालाईसमेत नजरअन्दाज गरेको सोझै देखिन्छ । संवैधानिक व्यवस्थाअनुसार शर्माको पदावधि सकिनु एक महिना पहिला नै सरकारले अर्को महालेखापरीक्षक सिफारिस गरिसक्नुपर्थ्यो ।

महालेखापरीक्षक नियुक्तिका लागि संवैधानिक परिषद्को सचिवालयले २० साउनमा महालेखापरीक्षक बन्न इच्छुकहरूसँग आवेदन मागेको थियो । त्यसमा १६ जनाले आवेदन दिएका थिए । तर, त्यसभन्दा अगाडिको प्रक्रिया भने अघि गएको छैन । महालेखापरीक्षकको कार्यालय कार्यवाहकको भरमा चलिरहेको छ । अर्को संवैधानिक निकाय निर्वाचन आयोगमा पनि एक जना सदस्यको पद रिक्त छ । आयोगमा प्रमुख आयुक्तसहित पाँच जना आयुक्त हुनुपर्नेमा एक जना आयुक्तको पद रिक्त भएको एक वर्ष भइसकेको छ । गत वर्ष प्रतिनिधिसभा र प्रदेशसभा चुनाव सकिएलगतै आयुक्त ईश्वरी पौडेलको पदावधि सकिएको थियो । त्यसयता आयुक्त नियुक्त गर्न प्रचण्डले अग्रसरता नदेखाउँदा एक वर्षदेखि आयोगमा एक जना सदस्यको पद रिक्त छ । संवैधानिक व्यवस्थाअनुसार आयुक्तहरू हुँदा काम गर्न सहज हुने निर्वाचन पाँच जना आयुक्तहरू हुँदा काम कारबाहीमा सहजता हुन्छ । अझै पनि सरकारले छिटै आयुक्त नियुक्त गर्नुपर्छ ।'

त्यस्तै, परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान पनि डेढ वर्षदेखि नेतृत्वविहीन छ । दुईपटक पदपूर्तिका लागि विज्ञापन भए पनि परराष्ट्र मन्त्रालयले दुवैपटक रोकेको छ । प्रतिष्ठान विकास समितिको अध्यक्ष परराष्ट्रमन्त्री एनपी साउद छन् । २०७९ वैशाख ८ बाट कार्यकारी निर्देशक राजेश श्रेष्ठको कार्यकाल सकिएको थियो । उपकार्यकारी निर्देशक राजेन्द्र पाण्डे अहिले निमित्त कार्यकारी निर्देशकका रूपमा काम गरिरहेका छन् । गत भदौ र मंसिरमा कार्यकारी निर्देशक पदका लागि विज्ञापन खुलाइएको थियो । दुवैपटक तीन-तीनजनाले आवेदन दिएका थिए । तर नियुक्ति प्रक्रिया अगाडि बढेका छैन । त्यस्तै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पनि एक जना सदस्य रिक्त छ । लामो समयदेखि सरकारले सदस्य नियुक्ति गर्न नसक्दा आयोगको कामकारबाही प्रभावित बन्न थालेका छन् ।

# स्थानीयमा चितुवाको त्रास

पोखरापत्र संवाददाता
तनहुँ, ४ माघ

जिल्लाको व्यास नगरपालिकाको शिशाघाट साजामा केही दिनदेखि चितुवाको आतङ्क बढ्न थालेको छ । साँझपख र बिहानको समयमा चितुवा देखिनुका साथै पशुचौपाया मार्न थालेपछि स्थानीयवासी त्रासित भएका हुन् ।

व्यास-६ साजा, शिशाघाट क्षेत्रमा चितुवा आतङ्क बढ्न थालेको स्थानीय साजा टोल विकास संस्थाका सचिव कृष्ण ढुङ्गानाले बताउनुभयो । उहाँका अनुसार केही दिनयता तीन बोका, चार बाच्छा र चार वटा कुकुर मारिसकेका छन् । टोलबस्तीमा चितुवा देखिन थालेपछि सतर्कता अपनाएर सुरक्षित हुन स्थानीयलाई अनुरोध गरिएको उहाँले बताउनुभयो । बस्ती नजिकै घनाजङ्गल रहेकाले साँझ र बिहानको समयमा हिँड्डुल गर्न समस्या भोग्नुपरेको स्थानीय बताउँछन् । गाईबस्तु र बाख्रा चराउन जाँदा दिउँसोको समयमा पनि चितुवा भेटिने गरेको स्थानीयवासी बताउँछन् ।

डिभिजन वन कार्यालयसँग समन्वय गरी खोर राखेर नियन्त्रण गरिदिने विषयमा विषयमा छलफल भइरहेको ढुङ्गानाले जानकारी दिनुभयो । त्यसैगरी जिल्लाको बन्दीपुर गाउँपालिका-४ टुँडिखेल आसपास क्षेत्रमा चितुवा देखिन थालेपछि स्थानीयवासी त्रासित भएका छन् । साँझमा दैनिक चितुवा देखिन थालेपछि सतर्क रहन सबैलाई आग्रह गरिएको टुँडिखेल टोल विकास समितिका अध्यक्ष किसान प्रधानले बताउनुभयो । उहाँका अनुसार साँझपख बालबालिकालाई अस्पताल तथा टुँडिखेल मैदान वरपर जानबाट रोक्न अभिभावकलाई आग्रह गरिएको छ । चितुवाको आक्रमणबाट पछिल्लो छ वर्षमा १३ बालबालिकाले ज्यान गुमाइसकेका डिभिजन वन कार्यालय तनहुँका वन अधिकृत काशीराज पण्डितले जानकारी दिनुभयो । धनजनको क्षति हुनबाट रोक्न चितुवाका लागि पासो थापेर नियन्त्रण गर्न सकिने उहाँको भनाइ थियो ।

# कान्लो बेचेर घर खर्च

पोखरापत्र संवाददाता
बागलुङ, ४ माघ

पश्चिम बागलुङमा कान्लोको अझै कारोबार हुँदै आएको छ । कान्लोका भारी पिठ्युँमा बोकेर बुर्तिवाङ बजार बिक्रीका लागि आउनुभएको विनमाया पुन जाडो याममा कान्लोको व्यापारका लागि विभिन्न स्थान पुग्नुहुन्छ । पूर्वी रुकुमको लुकुम गाउँबाट आउनुभएकी विनमायाले गर्मी याममा निर्माण गर्नुभएको कान्लो बिक्रीका लागि जाडो याममा बजार खोज्दै हिँड्नुहुन्छ ।

उहाँले बागलुङको पश्चिम क्षेत्र निसीखोला, तमानखोला हुँदै बुर्तिवाङ बजारसम्म पश्चिम रुकुममा उत्पादन भएको कान्लो बिक्रीका लागि आउने गरेको छ । "पहिलाजस्तो बजार त छैन, तर कान्लोको महत्व बुझेकाले मात्रै खरिद गर्छन, अन्यले महँगो भएको प्रतिक्रिया दिन्छन्", उहाँले भन्नुभयो, "घरमा बसिबियालो हुन्छ, काम गरिरहेको बानी नगरी बस्न सकिँदैन, भेडा पालिएकै हुन्छ, तिनै भेडाको ऊनलाई कान्लो बनाएर बिक्री गर्दा कम्तीमा घरखर्च चल्छ ।"

# नमूना आवास निर्माणका लागि लाभग्राहीको नाम स्वीकृत

पोखरापत्र संवाददाता
दमौली, ४ पुस

विपन्न वर्गका लागि घर निर्माण गर्न तनहुँको म्याग्दे गाउँपालिकाले लाभग्राहीको नाम स्वीकृत गरेको छ । आर्थिक वर्ष २०८०/८१ मा आर्थिकरूपमा विपन्न वर्गलाई नमूना आवास निर्माणका लागि गाउँपालिकाले १६ जना लाभग्राहीको नाम स्वीकृत गरेको हो ।

नमूना आवास निर्माण कार्यक्रम कार्यान्वयन समन्वय समितिको हालै बसेको बैठकले लाभग्राही छनोट गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । सङ्घीय सरकारको समपूरक कोष र गाउँपालिकाको साझेदारीमा विपन्नका लागि घर निर्माण गर्न लागिएको र यसका लागि समपूरक कोषबाट रु ५० लाख र गाउँपालिकाबाट रु ५० लाखगरी रु एक करोड व्यहोरिने उहाँको भनाइ थियो ।

प्रशासकीय अधिकृत अधिकारीले भन्नुभयो, "गाउँपालिकाको चालु आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रम तथा नेपाल सरकारको समपूरक योजनाअन्तर्गत विपन्न वर्गलाई नमूना आवास घर बनाउन लागेका हौँ । त्यसका लागि लाभग्राही छनोट भएका छन् ।" गाउँपालिकाको वडा नं १ देखि ७ सम्ममा रहेका लक्षित वर्गलाई नमूना आवास कार्यक्रम कार्यविधि, २०८० को दफा (३) बमोजिम मापदण्ड तथा सूचीभित्र योग्यता पुगेका स्थानीय नागरिकलाई मङ्सिर २७ गतेभित्र निवेदन पेस गर्न सूचित गरिएको थियो । प्राप्त निवेदनका आधारमा १६ जना लाभग्राही छनोट गरिएको र पाँच जनालाई वैकल्पिकमा राखिएको छ । ती १६ लाभग्राहीले जग्गाधनी पुर्जालगायत प्राविधिक तयारी पूरा गर्न नसके वैकल्पिक सूचीलाई प्राथमिकता दिने जनाइएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ स्थित सिग्देल मार्ग सडक स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः सिग्देल मार्ग सडक स्तरोन्नती
ठेगानाः पोखरा-१३, सिग्देल मार्ग टोल
योजना सम्झौता मितिः २०८०/०८/२४ गते
योजना सुरु हुने मितिः २०८०/०८/२५ गते
योजना सम्पन्न हुने मितिः २०८०/०९/३० गते
योजनाको कुल लागतः रु. ५,८८,२५२।४३
महानगरपालिकाबाटः रु. ५,००,०००/-
उपभोक्ताबाटः रु.८८,२३५/-
कुल खर्च : रु. ५,८८,२३५/-
उपभोक्ता समिति अध्यक्ष : हरि प्रसाद सिग्देल
उपाध्यक्षः गोविन्द प्रसाद सिग्देल, सचिवः इन्दिरा अधिकारी, कोषाध्यक्षः कुशल सिग्देल, सदस्यः रमाकान्त सिग्देल, कमला बञ्जार पगेनी, कल्पना श्रेष्ठ

**सिग्देल मार्ग सडक स्तरोन्नती निर्माण उपभोक्ता समिति पोखरा-१३**



## विमा लेख हरायो

**एशियन लाइफ इन्स्योरेन्स क.लि.वाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।**

**नामः विपना तिमिल्सिना** **नागरिकता नं.**: १४१२०९
**विमा लेख नं.** ६५०८००००१०९
**ठेगनाः कालिका–२, कास्की**

**सम्पर्क : एशियन लाइफ इन्स्योरेन्स क.लि.**
**सम्पर्क नं. : ९८४६५१३२२५**



## अचल सम्पत्ति (धितो) लिलाम बढाबढ गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८०/१०/०५**

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपसिल बमोजिमका सदस्यले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनुभएकोमा उक्त ऋण रकम नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं अन्य दै-दस्तुर समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको सर्त सम्झौता उल्लङ्घन गरी बस्नुभएको र पटक-पटक मौखिक तथा लिखित जानकारी गराउदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफूले बुझाउनुपर्ने रकम नबुझाई बसेको साथै यस भन्दा अगाडि ३५ दिने, १५ दिने र ७ दिने स्थानीय तथा राष्ट्रिय पत्रिका मार्फत सार्वजनिक सूचना प्रकाशित गरिएको र ऋणी सदस्य सरीता विश्वकर्माको मिति २०८०/०८/१९ गते प्रथम पटक नागरिक राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बढाबढ सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरि सम्पूर्ण साँवा, व्याज साथै अन्य दै-दस्तुर चुक्ता गर्न अनुरोध गर्दा समेत आजका मितिसम्म उक्त ऋण चुक्ता नगरी बस्नु भएको हुँदा ऋणी सदस्य तथा धनजमानतले ऋण लिदाँ गरेको सम्झौता बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हालसम्मको साँवा व्याज समेतको रकम दाखिला गर्नुहोला अन्यथा सूचना प्रकाशित भएको मितिले ३६ औं दिन धितो जे, जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा लिलाम बिक्री गर्न लागिएको हुँदा लिलाम बढाबढ गरी लिन इच्छुक महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । धितो जमानत दिनु हुने ऋणी तथा व्यक्तिगत जमानत समेतलाई सुरक्षणमा रहेको धितो लिलाम बिक्री गरिने बारेको जानकारी यसै सूचनाद्धारा गराइन्छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा यस संस्थाबाट गरिएको मूल्याङ्कन रकम भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई संस्थाले कम मूल्यमा लिलाम बिक्री गर्‍यो भनी कही कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण लेना असुल उपर नभएमा सहकारी ऐन २०७४, नियमावली २०७५, संस्थाको विनियम २०७६, ऋण नीति २०७९ तथा प्रचलित कानून बमोजिम ऋणी स्वयृ र व्यक्तिगत धनजमानत कर्ताको अन्य चल अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता ऋण रकम असुल उपर गरिने छ । उल्लेखित मितिमा बोलपत्र एवं लिलाम बढाबढ हुन नसकेमा संस्था आफैले पनि उक्त धितो सकार गरी लिन सकिनेछ ।
लिन सकिनेछ ।

**तपसील**

| ऋणी सदस्यको तिन पुस्ते विवरण | फोटो | धितो विवरण | धन जमानत दिनेको विवरण | फोटो |
|---|---|---|---|---|
| आशाराम विश्वकर्माको बुहारी दिपक विश्वकर्माको श्रीमती चितवन जिल्ला चित्रवन न.पा.वडा नं. ११ घर भई हाल तनहुँ जिल्ला शुक्लागण्डकी न.पा. वडा नं.०७ बस्ने वर्ष ३१ की सरीता विश्वकर्मा (ना.प्र.न.३५-०१-७२-०२७४१) |  | सरीता विश्वकर्माको नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको छाङ गा.बि.स. वडा नं. ५/ख स्थित सिट नं.५/ख को कित्ता नं.१७५९ को क्षेत्रफल ०-४-०-० रहेको जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापत समेत । | टिकाराम विश्वकर्माको नाति आशाराम विश्वकर्माको छोरा चितवन जिल्ला चित्रवन न.पा.वडा नं. ११ घर भई हाल तनहुँ जिल्ला शुक्लागण्डकी न.पा. वडा नं ०७ बस्ने वर्ष ३४ का दिपक विश्वकर्मा(ना.प्र.न. ०३६५८७) |  |

**लिलाम बिक्री तथा बोलपत्र सम्बन्धी अन्य सर्त बन्देजहरु :**

१) लिलाममा अन्तिम पटक सबै भन्दा बढी रकम कवोल गर्ने वा बोलपत्रमा आफुले लेखेको वा बोलेको अंकको १० प्रतिशतले हुने रकम सोही दिन कार्यालय समयमा वा निर्णय हुँदा कार्यालय समय समाप्त भएमा सो दिनको भोलिपल्ट यस संस्थामा बुझाउनु पर्नेछ ।
२) लिलाम सकार गर्ने व्यक्तिले संस्था बाट लिलाम भएको ३५ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पत्ति बुझि नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत भई संस्थाको आम्दानी हिसावमा बाधिनेछ ।
३) लिलाम सकार गर्ने व्यक्तिले सकार गरेको मुल्यको १० प्रतिशत रकम सोहि दिन वा सो को भोलिपल्ट नबुझाएमा निज पछि सबै भन्दा बढी रकम बोल्ने व्यक्तिको नाममा लिलाम सदर गरिनेछ ।
४) तोकिएको दिन विदा परेमा सोको भोलिपल्ट लिलाम बढाबढ गर्ने काम हुनेछ ।
५) लिलाम बढाबढ गर्दा सबै भन्दा बढी अंक बोल्ने व्यक्तिलाई दिने वा नदिने सम्पुर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
६) लिलाम बिक्रि हुने सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न चाहनु हुने महानुभावहरुले यस संस्थाको प्रधान कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
७ सूचना प्रकाशित भएको ३६औं दिन संस्थाको प्रधान कार्यालयमा दिनको ठिक ३ बजे लिलाम बढाबढ हुनेछ ।
८) लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वयंले व्यहोर्नु पर्नेछ ।
९) सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनियम तथा ऋण नीति अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्रि गर्दा कसैले नसकारेमा यस संस्थाले उक्त सम्पत्तिको स्वामित्व आफुमा लिन सक्नेछ ।
१०) संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पूर्ण ऋण असुल उपर नभएमा ऋणी तथा जमानीको नाममा रहेको अन्य चलअचल सम्पत्तिबाट समेत असुल उपर गरिने छ ।
११) अन्य सर्तहरु बोलपत्र वा लिलाम बढाबढ फारममा उल्लेख गरे बमोजिम हुनेछ साथै अन्य बिषयहरुमा सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनियमको अधिनमा रही सञ्चालक समितिको निर्णय अनुसार हुनेछ ।

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
पोखरा-१०, बुद्दचोक, कास्की, फोन नं.: ०६१-५८८८३३



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सत्कार मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : कार्यमा सफलता | धनु | : मानसिक तनाब |
| कर्कट | : शुभ यात्रा | मकर | : शारीरिक झमेला |
| सिंह | : स्वस्थ्यमा सुधार | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो।।

# हार्दिक श्रद्धाञ्जली

**जन्म :**
**१९७८/०८/०५ गते**



**स्वर्गारोहण :**
**२०८०/०९/२२ गते**

## स्व. प्रजापति पोखरेल

**हाम्रा पुजनीय सताब्दी पुरुष पोखरा महानगर पिता प्रजापति पोखरेल को १०३ वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं। आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं।**

**प्रार्थी**
श्रीमती स्व. खरिका पोखरेल/श्रीमती देबु कुमारी पोखरेल

**छोरा/बुहारी**
श्री झलक प्रसाद पोखरेल/श्रीमती स्व. नारायणी पोखरेल/मान कुमारी पोखरेल
श्री स्व. हिमलाल पोखरेल/श्रीमती कलाबती पोखरेल
श्री बाबुराम पोखरेल/श्रीमती दुर्गादेबी पोखरेल
स्व. श्री श्रीकान्त पोखरेल

**छोरी/ज्वाइँ**
श्रीमती पदम कमारी ढुंगाना/स्व. डिल्लीरमण ढुंगाना
श्रीमती भिममाया तिमिल्सेना/स्व. नारायण प्रसाद तिमिल्सेना
श्रीमती पार्बती ढुंगाना/श्री भोलानाथ ढुंगाना

**नाति /बुहारी**
श्री लेखनाथ पोखरेल /श्रीमती बिष्णुमाया पोखरेल
स्व. बलराम तिमील्सेना /श्रीमती बशुन्धरा तिमिल्सेना
श्री रमेश पोखरेल /श्रीमती सरस्बती पोखरेल
श्री रबि तिमिल्सेना /श्रीमती मिरा तिमील्सेना
श्री माधब पोखरेल /श्रीमती दुर्गा पोखरेल
श्री शंकर ढुंगाना /श्रीमती पबित्रा ढुंगाना
श्री दिपेन्द्र तिमिल्सेना /श्रीमती दिपा तिमील्सेना
श्री सरोज पोखरेल /श्रीमती कबिता कोईराला पोखरेल
श्री बिनोद ढुंगाना /श्रीमती बद्रिका ढुंगाना
डा. रन्जन पोखरेल

**नातिनी /ज्वाइँ**
श्रीमती मिठु बास्तोला /श्री राम प्रसाद बास्तोला
श्रीमती इन्दिरा ओझा /श्री राजेन्द्र ओझा
श्रीमती सरिता तिमिल्सेना /श्री राम प्रसाद शर्मा
श्रीमती अर्चना कोईराला /श्री शिबप्रसाद कोईराला
श्रीमती सिता सुबेदी /श्री दुर्गाराज सबेदी
श्रीमती प्रभा पराजुली /श्री नबराज पराजुली
श्रीमती भगवती तिमील्सेना /श्री सूर्यराज तिमील्सेना
श्रीमती सारदा पौडेल /श्री सन्तोष पौडेल
श्रीमती रन्जिता बास्तोला /श्री शंकर प्रसाद बास्तोला
श्रीमती चन्दाबती गौतम /श्री सूर्यराज प्रसाद गौतम
श्रीमती रोजी पराजुली /श्री सुदीप पराजुली

**पनातिनी/ ज्वाइँ**
सुश्री कामना पोखरेल
श्रीमती प्रतिक्षा बास्तोल बराल /श्री जिबन दत्त बराल
श्रीमती एन्जिला सुबदी पौडेल /श्री विवेक पौडेल
ई भाबना पोखरेल
ई अनिता तिमिल्सेना
डा. एलिजा तिमिल्सेना
सुश्री साधना पराजुली
सुश्री संरचना कोईराला
सुश्री राजमेरी ढुंगाना
सुश्री स्वीकृती बास्तोला
सुश्री स्नेहा पोखरेल
सुश्री शुभेक्षा पौडेल
सुश्री स्मारीका पोखरेल
सुश्री जिया पराजुली

**पनाती/बुहारी**
श्री विवेक बास्तोला/श्रीमती सबिना बास्तोला
ई अनिल तिमील्सेना /श्रीमती दुर्गा तिमिल्सेना
श्री अन्वेशन ओझा/श्रीमती दिब्या ओझा
श्री सुमन पोखरेल
श्री सुजन पोखरेल
श्री सुरेस पोखरेल
श्री सुरज पोखरेल
श्री सागर पराजुली
श्री सुगम पोखरेल
श्री अस्त्र ओझा
श्री उज्वल तिमिल्सेना
श्री उज्वल ढुंगाना
श्री एन्जल सुबेदी
श्री चुम्मन ढुंगाना
श्री सन्देश तिमिल्सेना
श्री उत्सब ढुंगाना
श्री सोहन कोईराला
श्री सुसान बास्तोला
श्री अजित गौतम
श्री अपार गौतम
श्री अग्रीम तिमिल्सेना
श्री सिदार्थ पौडेल
श्री अनिष तिमिल्सेना
श्री अशेष तिमिल्सेना
श्री आग्रह तिमिल्सेना
श्री अनुरोध तिमिल्सेना

**खनाति/खनातिनी**
सुश्री अस्बिनी बराल
सुश्री आर्य ओझा

**एवम्**
**सम्पूर्ण पोखरेल परिवार**